इन्टर्नेट (ई–मेल सहित) सेवाको अनुमतिपत्र खारेज गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रकाशित मितिः २०८३/०८/०२

नेपाल दूरसञ्चार प्राधिकरणबाट इन्टर्नेट (ई–मेल सहित) सेवाको अनुमतिपत्र प्राप्त संस्था, श्री डिभाइन स्ट्रीम नेटवर्क प्रा.लि. बत्तीसपुतली–९, काठमाडौँले अनुमतिपत्र (अनुमतिपत्र नं. फि.ज. १–९१) नवीकरणका लागि तोकिएको अवधिभित्र निवेदन पेश नगरेको तथा नियमानुसार नवीकरण दस्तुर समेत नबुझाएकोले उक्त सेवा प्रदायकलाई प्रदान गरिएको इन्टर्नेट (ई–मेल सहित) सेवाको अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २५ (५) बमोजिम मिति २०८३/०७/०८ देखि स्वतः खारेज भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, त्यस प्रा.लि. ले नियमानुसार तिर्न/बुझाउन पर्ने रकमका सम्बन्धमा यो सूचना जारी भएको मितिले ३० दिनभित्र यस कार्यालयमा सम्पर्क गर्न समेत सूचित गरिएको छ अन्यथा प्रचलित कानून अनुसार कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरण

अनुमतिपत्र व्यवस्थापन शाखा

जमल, काठमाडौँ ।

फोन नं. ९७७–०१– ५३५५४७४

Email: ntra@nta.gov.np, URL: www.nta.gov.np